# तुलसीपुर नगरपालिका
## तुलसीपुर, दाङ्ग

## १९औं नगरपरिषद

आज मिति २०७१ साल पौष २९ गते मंगलवारका दिन यस तुलसीपुर नगरपालिकाका नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री डिल्लीराज बेल्बासेज्यूको अध्यक्षतामा स्थानीय विकास मन्त्रालयको च.न. २७३ मिति २०६८/९/२० को पत्रानुसार १९औं नगरपरिषदको वैठक वसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :**

१) नगर प्रमुख एवं कार्यकारी अधिकृत श्री डिल्लीराज वेल्वासे तुलसीपुर नगरपालिका

**सहजकर्ता :**

| | |
|---|---|
| १) प्रशासकीय अधिकृत श्री शुभाष गौतम | तुलसीपुर नगरपालिका कार्यालय |
| २) समाजकल्याण अधिकृत श्री टोप वहादुर डागी | तुलसीपुर नगरपालिका कार्यालय |
| ३) वित्तिय अधिकृत श्री ललित वहादुर घर्ति | तुलसीपुर नगरपालिका कार्यालय |
| ४) लेखा अधिकृत श्री पुष्करराज रिजाल | तुलसीपुर नगरपालिका कार्यालय |
| ५) शाखा अधिकृत श्री काजु शर्मा | तुलसीपुर नगरपालिका कार्यालय |
| ६) ईञ्जिनियर श्री पवन कुमार योगी | तुलसीपुर नगरपालिका कार्यालय |
| ७) कानुनी सल्लाहकार श्री गोकर्ण डांगी | तुलसीपुर नगरपालिका कार्यालय |
| ८) ना.सु. सुचना शाखा श्री झरेन्द्र कुमार खरेल | तुलसीपुर नगरपालिका कार्यालय |
| ९) कम्प्यूटर अपरेटर श्री जुद्धविर विश्वकर्मा | तुलसीपुर नगरपालिका कार्यालय |

**निर्णय नं.१ (एक)**

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार निम्न लिखित विषयहरुमा निर्णय गर्न न.पा.वोर्डलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

क) तुलसीपुर नगरपालिका क्षेत्रभित्र विविध विषयहरुमा विषयगत समिति तथा उप समिति र अन्य आवश्यक विषयगत समिति उप समिति गठन गर्ने ।
ख) तुलसीपुर नगरपालिकाको आय व्ययको अन्तिम लेखापरिक्षणको लागि लेखापरिक्षक नियुक्ति गर्ने ।
ग) विनियमावली, कार्यविधि र निर्देशिका बनाई पारीत गर्ने ।
घ) तुलसीपुर नगरपालिका क्षेत्रभित्र सामुदायिक तथा निजी आवासीय विद्यालय स्थापना गर्न सिफारिस माग भै आएमा विद्यालय स्थापना गर्ने स्थानको स्थलगत निरिक्षण गरी भौतिक पूर्वाधारहरुको अवस्था उपयुक्त देखिएमा सिफारिस गर्ने ।
ङ) ऐनको दफा ९६ (१) घ (१) बमोजिम आफ्नो श्रोतबाट तुलसीपुर नगरपालिका क्षेत्रमा पुर्व प्राथमिक विद्यालय स्थापना गर्न माग भै आएमा विद्यालय स्थापना गर्ने स्थानको स्थलगत निरिक्षण गरी भौतिक पूर्वाधारहरुको अवस्था उपयुक्त देखिएमा अनुमति दिने ।

**निर्णय नं २ (दुई)**

तुलसीपुर नगरपालिकाबाट संचालित योजनाहरु जांचपास समितिको सिफारिसमा न.पा.वोर्डले फरफारक गरेका आ.व.२०७०/०७१ मा सम्पन्न योजना तथा कार्यक्रमहरु १९औं नगरपरिषदवाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ (तिन)**

तुलसीपुर नगरपालिका दाङ्गले चालु आ.व.२०७१/०७२ को पौष मसान्त सम्मको अवधिमा सर्वदलिय सर्वपक्षिय बैठक ,अन्य निर्देशित समितिहरु तथा न.पा.वोर्ड वैठक बसी गरेका सम्पूर्ण निर्णयहरु यस १९औं नगरपरिषदवाट अनुमोदन गर्ने गरियो ।

**निर्णय नं. ४ (चार)**

तुलसीपुर नगरपालिका अन्तर्गत पर्ने २० वटै वडा समितिको कार्यालयवाट विगत आर्थिक वर्ष देखि संचालित साना तिना विकास आयोजना संचालन गर्न १९औं नगरपरिषदवाट स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ५ (पाच)**

तुलसीपुर नगरपालिका क्षेत्रभित्र सचालनमा रहेका प्रा.बि.तहहरुमा बिगत आर्थिक बर्षदेखि उपलब्ध गराउदै आईरहेको शिक्षक अनुदान स्वरुप मासिक रु २०००।(दुईहजार) उपलब्ध गराउादै आएकोमा आ.ब.२०७२/०७३ देखि रु ५००।(पांचसय) थप गरी रु २५००।(पच्चिस सय मात्र) उपलब्ध गराउने र जनश्रमिक प्राबि. गैरापातुमा हाल सम्म उक्त शिक्षक अनुदान उपलब्ध नभएकोले आ.ब. २०७२/०७३ देखि १ जना शिक्षकको अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ (छ )**

तुलसीपुर नगरपालिका कार्यालयमा विगत वर्ष देखि कानूनी परामर्श दिदै आउनुभएका अधिवक्ता श्री गोकर्ण डागीलाई आ.व.२०७२/०७३ मा पनि कानूनी सल्लाहकारको रुपमा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ७ (सात)**

तुलसीपुर उद्योग वाणिज्य संघलाई अनुदान स्वरुप विगत आ.व.देखि उपलब्ध गराउदै आएको व्यापार व्यवसाय करवाट उठेको कुल रकमको २० (बीस) प्रतिशतले हुन आउने रकम आ.व. २०७२/०७३ मा सार्बजनिक निजि साझेदारी कार्यक्रम संचालन गर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ (आठ)**

तुलसीपुर नगरपालिका कार्यालयका कर्मचारी र नगरपालिकाकालाई बिभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउने उत्कृष्ट संघ, संस्था,बिद्यालय तथा उद्यमी ,व्यापारी, सञ्चारकर्मी तथा समाजसेवी व्यक्तिहरुलाई नगरपालिका स्थापना दिवशको अवसरमा पुरस्कृत तथा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ (नौं)**

तुलसीपुर नगरपालिका दाङको १९औं नगरपरिषदबाट अनुसूचि १ अनुसारको कर्मचारी दरबन्दी लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न.१० (दश) बिचार गर्नुपर्ने**

तुलसीपुर नगरपालिका कार्यालयले नगरबासीलाई उपलब्ध गराउने सेवा तथा सुविधा प्रभावकारी ढंगबाट पुऱ्याउन यस नगरपालिकाको संगठन विकास अध्ययन प्रतिवेदन २०६६ वमोजिम मौजुदा स्वीकृत दरबन्दी संख्या ६१ एकसट्ठि बाटै अनुसुची-२ अनुसार संगठनात्मक स्वरुप (दरबन्दी चार्ट) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ (एघार)**

तुलसीपुर नगरपालिकाको क्षेत्रबिस्तार भएको सन्दर्भमा मौजुदा दरबन्दी पुनरावलोकन गर्न संगठन बिकास अध्ययन( OD) गराई प्राप्त प्रतिवेदनका आधारमा नयां दरबन्दी संरचना स्वीकृतका लागि संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा पठाई स्वीकृती प्राप्त पछि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं १२ (बाह्र)**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार तुलसीपुर नगरपालिका क्षेत्रभित्र लगाईने बिभिन्न कर,दस्तुर, शुल्क, महसूल , एकिकृत सम्पत्ति कर , सिफारिस दस्तुर लगाएत राजश्व सम्बन्धि थप अध्ययन र अनुसन्धान गरि नगरस्तरिय राजश्व परामर्श समितिको सिफारिस समेतलाई मध्य नजर गरि आ.व.०७२/०७३ को लागि करका दरवन्दी अनुसुची ३ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ (तेह्र)**

तुलसीपुर नगरपालिका कार्यालय दाङ्गको आ.ब. २०७१/०७२ को १८ औं नगरपरिषदबाट पारित आय ब्यय अनुमानमा नेपाल सरकारबाट सो सम्बन्धमा रकम कटौती गरी प्राप्त भएकोले उक्त संशोधित आय ब्यय अनुमानलाई १९औं नगरपरिषदबाट अनमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४ (चौध)**

बसपार्कको स्विकृत मास्टरप्लान अनुसार पहिलोचरणमा निर्माणहुने संरचनाका लागि नगरबिकास कोषबाट स्वीकृत ऋण लाई तुलसीपुर नगरपालिकाको मिति २०७१।२।२ निर्णय नं. ३ को बोर्ड बैठकबाट संभौता गर्ने निर्णय भएकोलाई यस नगरपरिषदबाट अनमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ (पन्ध्र)**

तुलसीपुर नगरपालिका कार्यालय दाङको आ.व.२०७२/०७३ मा अनुसुची ५ बमोजिमको आय अनुमान रु १९३६२००००। (उन्नाईस करोड छत्तिसलाख बीस हजार मात्र) १९औं नगरपरिषद वाट स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न १६ (सोह्र)**

तुलसीपुर नगरपालिका कार्यालय दाङको आ.व.२०७२/०७३ मा अनुसुची ६ बमोजिमको ब्यय अनुमान रु १९३६२००००। (उन्नाईस करोड छत्तिसलाख बीस हजार मात्र) १९औं नगरपरिषद वाट स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७ (सत्र)**

तुलसीपुर नगरपालिका क्षेत्र भित्र सार्बजनिक /ऐलानी प्रति जग्गामा निर्माण भएका संरचनाहरुको लगत तयार गरी प्रचलित कानुनको अधिनमा रहि सर्बदलीय/ सर्बपक्षीय सहमतिका आधारमा निश्चित मापदण्ड तयार गरी मापदण्ड भित्र पर्ने त्यस्ता संरचनाहरुमा नियमानुसार बिद्युत, खानेपानी, टेलिफोनको माग भई निवेदन प्राप्त भएमा बिगतमा दिदै आएको र बीचमा रोकिएको बिद्युत,खानेपानी र टेलिफोन को सिफारिस दिने प्रकृयालाई आवश्यक सिफारिस दस्तुर लिई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १८ (अठार)**

तुलसीपुर नगरपालिका कार्यालय दाङ्गको आ.व.२०७२/०७३ को लागि अनुसूचि-७ मा उल्लेखित योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ (उन्नाईस)**

तुलसीपुर नगरपालिकाको अठारौ नगरपरिषदका लागि २० वटै वडामा सम्पन्न वडा भेलाहरुबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु (अनुसूचि-८) अनुसारको प्रति वडा रु ५००,०००। का दरले हुने रकम रु १००००,०००।(एक करोड) विकास अनुदानवाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.२० (बीस)**

तुलसीपुर नगरपालिकाको २० वटै वडाहरुको समानुपातिक विकास गर्दै जाने उद्देश्य अनुरुप नगरपालिकाको सिमित श्रोत र साधनले नभ्याउने तथ्यलाई मध्येनजर राख्दै निम्नानुसारका (अनुसूचि-९) विकास अयोजनाहरु छनौट गरि कार्यान्वयन गरिदिन जिल्ला विकास समितिको कार्यालय दाङ्ग र केन्द्रिय निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ (एक्काईस)**

तुलसीपुर नगरपालिकाको आ.ब. २०७२/०७३ का लागि १९औं नगरपरिषदबाट स्वीकृत कार्यक्रमहरु आवश्यक्ता अनुसार थप अनुदान सहित बांडफांड गरी कार्यान्वयन गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ (बाईस)**

तुलसीपुर नगरपालिकाकाको नाममा रहेको फुलबारी गा.बि.स. को जग्गामा कम्पोष्ट मल प्लान्ट निर्माणका लागि फोहरमैला व्यवस्थापन तथा प्राबिधिक सहयोग केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २३ (त्याईस)**

यस तुलसीपुर नगरपालिकामा सेवा करारमा कार्यरत तपसीलका कर्मचारीहरुको म्याद एक बर्षका लागि थप गर्ने निर्णय गरियो ।

**तपसिलः**

| नाम | पद | थप गरीएको अवधि |
|---|---|---|
| पवन कुमार योगी | इन्जिनियर | २०७२ श्रावण देखि २०७३ असार मसान्त सम्म |
| लेख बहादुर खत्री | ड्राइभर | " |
| काली प्रसाद भंगी | स्विपर | " |
| हिक्मत चौधरी | स्विपर | " |
| मनिराम चौधरी | प्लम्वर | " |
| बिकास बिक | ड्राईभर | ,, |

**निर्णय न.२४ (चौबीस)**

तुलसीपुर नगरपालिका क्षेत्रभित्र सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गर्ने कार्य दिनानुदिन वढदै गएको हुदां उक्त कार्यलाई पूर्ण रुपमा नियन्त्रण गर्ने कार्यका लागि सर्वदलिय वैठक वसी वैठकवाट भएका निर्णयहरु कडाईका साथ कार्यान्वयन गर्न गराउन श्री जिल्ला प्रशासन कार्यालय दाङ्ग लगायत सम्वद्ध निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न.२५(पच्चीस)**

तुलसीपुर नगरपालिका क्षेत्रभित्र तरकारी तथा फलफुल मण्डीको व्यवस्थापन गर्न लागि उपयुक्त स्थानमा लिज प्रकृयावाट जग्गा लिई व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय न.२६ (छब्बीस)**

तुलसीपुर नगरपालिका वडा नं. ६ स्थित नं. १९ बाहिनी अडडाको मुख्य प्रवेशद्धार हुदै दक्षिण शिखरकोलनी जोडने बाटोको ट्रयाक कटिङ्ग एवं बिस्तारका सम्बन्धमा सम्बद्ध टोलबासीहरुको अनुरोध भई आएकोले उक्त सडक बिस्तारका लागि नं. १९ बाहिनीलाई आवश्यक सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न.२७ (सत्ताईस)**

तुलसीपुर नगरपालिकाको भौतिक पूर्वाधार विकासको लागि आवश्यक पर्ने प्राविधिक उपकरणहरु ( स्काईभेटर, लोडर, रोलर, कम्प्याक्टर र डोजर) उपलव्ध गराई दिन श्री संघिय मामिला तथा स्थानीय विकास मंत्रालय मा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. २८ (अठठाईस)**

राप्ती अञ्चल भित्र रहेका बिभिन्न पर्यकीय स्थलहरुको एकिकृत रुपमा पर्यटन प्रर्वद्धन गर्नका लागि गठित राप्ती अञ्चल पर्यटन पर्बद्धन समितिको सञ्चालन सम्बन्धी कार्यबिधि २०७१ लाई पारित गर्ने निर्णय गरियो ।

**निर्णय न. २९ (उनन्तीस)**

तुलसीपुर नगरपालिकाको क्षेत्र बिस्तार भएको तथा बढदो शहरीकरणका कारण दैनिक रुपमा बृद्धि हुदै गएको फोहरलाई सार्बजनिक निजि साझेदारीको अवधारणा अनुसार फोहरमैला ब्यवस्थापन गन नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० (तिस)**

दाङ्को पश्चिमी क्षेत्र र छिमेकी जिल्लाहरु सल्यान, रोल्पा, रुकुमलाई समेत मध्यनजर गर्दै यस क्षेत्रमा उत्पादन हुने कृषिजन्य बस्तुहरु आलु, अदुवा, सुन्तला आदिको भण्डारण गरी उत्पादनमुलक व्यवसायिक कृषि विकासका लागि तुलसीपुर नगरपालिकामा एक आधुनिक चिस्यान केन्द्र स्थापनाका लागि श्री स्थानीय विकास मंत्रालय तथा अन्य सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१ (एकत्तीस)**

तपसिल बमोजिमका नीति तथा योजनाहरु बनाई लागू गर्ने निर्णय गरियो ।

क)तुलसीपुर नगरपालिकाको बृहत्तर नगरगुरुयोजना

ख)तुलसीपुर नगरपालिकाको आवधिक योजना(२०७२/०७३ देखि २०७६/०७७)

ग) तुलसीपुर नगरपालिकाको सडक गूरुयोजना

घ) तुलसीपुर नगरपालिकाको पर्यटन बिकास गूरुयोजना

ङ) तुलसीपुर नगरपालिकाको भूउपयोग नीति

**निर्णय नं ३२ (बत्तीस)**

तुलसीपुर नगरपालिका वडा न. ५ ग लाईन हाल तरकारी मण्डी रहेको स्थानमा(ब्यापारिक भवन) Shopping complex निर्माण गर्न उक्त स्थानमा हाल सम्भाब्यता अध्ययन भईरहेकोले Shopping complex निर्माणका लागि सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३३ (त्यातिस)**

राप्ती बवई क्याम्पसलाई आंगिक क्याम्पसका लागि सम्बन्धन प्राप्त गर्नका लागि सम्बन्धित बिश्व बिद्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३४ (चौतिस)**

तुलसीपुर नगरपालिका वडा नं. ५ स्थित नयां बसपार्कमा हाल अटोवर्कसपहरु सञ्चालन भइ बसपार्कको पूर्वाधार विकास र व्यवस्थापन गर्न असहज भइरहेको सन्दर्भमा अटोवर्कसपलाई वैकल्पिक स्थानमा स्थानान्तरणका लागी गोलौरा र रजौराको पश्चिमी भागमा रहेको पातुखोलाको पूर्वी किनार एवं सरस्वती सामुदायिक वनको केही भागमा पर्ने बगर उकास गरी व्यवस्थित र आधुनिक अटोभेलेज (Auto Village) स्थापना गरी सोको दिर्घकालिन ब्यवस्थापनका लागि सरोकारावालाहरुसंग पहल गर्नुका साथै सम्बन्धीत निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३५ (पैत्तीस)**

जनस्वास्थ्य कार्यालय दाङ्को सहयोगमा यस नगरपालिका क्षेत्र भित्र दुई स्थानमा शहरी स्वास्थ्य क्लिनिक सांचालनमा रहेको,वडा नं. ७ मा भवन समेत निर्माण भई उक्त भवनबाटै कार्यसञ्चालन भईसकेकोले वडा नं. ९मा भवन निर्माणका लागि र हाल नगरपालिकाको क्षेत्र बिस्तार भएकाले थप एक शहरी स्वास्थ्य क्लिनिक माग गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३६ (छत्तिस)**

तुलसीपुर स्थित टरिगाउ एयरपोर्टबाट प्रभावकारी रुपमा हवाई सेवा संचालन गर्न एयरपोर्ट परिसरमा ईन्धन डिपोको स्थापना,निजि क्षेत्रका हवाई कम्पनीहरुलाई सेवा सञ्चालन गरीदिन अनुरोध गर्दै एयरपोर्टको धावन मार्ग कम भएकोले सोको बिस्तार गरिदिन नेपाल सरकार नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३७ (सैतिस)**

अमिलिया-तुलसीपुर-सल्यान, घोराही–तुलसीपुर र तुलसीपुर-पुरन्धारा-सुर्खेत सडक तुलसीपुर नगरपालिकाको मुख्य बजार क्षेत्रबाट एक अर्कालाई काटि जाने भएकोले विगत वर्षमा तयार गरेको चक्रपथको गुरुयोजना अनुसार चक्रपथको रेखाङ्कन तथा सडक सीमा निर्धारण गरी यसै प्रस्तावित चक्रपथलाई वाइपास मार्गको रुपमा विकास गरिदिन स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ३८ (अठतीस)**

तुलसीपुर नगरपालिका वडा नं. ५ मा रहेको घरेलु तथा महिला शिल्पकलाको भवनलाई तुलसीपुर नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक प्रकृयाका लागि श्री स्थानीय बिकास मन्त्रालय मार्फत सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.३९ (उनान्चालिस)**

तुलसीपुर क्षेत्रमा कृयासिल गैरसरकारी संस्थाहरुले आफ्ना कार्यक्रमहरु संचालन गर्दा नगरपालिकाको समन्वय र सहकार्यमा मात्र सञ्चालन गर्न गराउन न.पा. बोर्डलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४० (चालिस)**

तुलसीपुर नगरपालिका क्षेत्रभित्र रहेका हलवार स्वास्थ्य चौकी, टरीगाउ उपस्वास्थ्य चौकी र उरहरी उपस्वास्थ्य चौकीबाट प्राप्त भएको आर्थिक बर्ष २०७२/०७३ को बार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४१ (एकचालिस)**

तुलसीपुर नगरपालिकाका नाममा दर्ता श्रेष्ता रहेको बसपार्क स्थित साबिक वडा नं. ५ख कि.नं.५४३ समेतमा यस नगरपालिकाले विगतमा गरेको निर्णय बमोजिम निस्सा दिई निजहरुले भौतिक निर्माण गरी बसोबास गरीरहेको परिप्रेक्षमा निजहरुलाई व्यवस्थित रुपले बसोबास गर्न निस्सापाई बसोबास गरीरहेका व्यक्तिहरुलाई प्रचलित कानुन बमाजिम व्यवस्थित रुपले बसोबास गराउने कार्यका लागि पहलकदमी लिन तुलसीपुर नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४२ (बयालिस)**

तुलसीपुर नगरपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक तथा पुरातान्वीक महत्वका सार्बजनिक क्षेत्र तथा मठ मन्दिर ,तालतलैया, सार्बजनिक स्थल, बाटो, ऐलानी जग्गाहरुको लगत अद्यावधिक गरी संरक्षण ,संबर्द्धन र भौतिक पुर्बाधार बिकासका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरीयो ।

**निर्णय नं ४३ (त्रिचालिस)**

यस तुलसीपुर न.पा.क्षेत्रभित्र रहेका पानीका श्रोतहरु (मुहान) लाई संरक्षण र सम्बर्द्धन गर्दै थप श्रोतहरुको खोजिका लागि नगरपालिका क्षेत्र भित्र रहेका खानेपानी उपभोक्ता तथा सरसफाई समितिसंग समन्वय गरि बजार बिस्तार तथा उन्मुख क्षेत्रको मध्यनजर गर्दै पाईप लाईन बिस्तारका लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.४४ (चवालिस)**

तपसिल बमोजिमका निर्देशिका बनाई लागू गर्न न.पा. बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

क) मर्मत सम्भार कोष निर्देशिका

ख) घरनक्सापास निर्देशिका (संशोधन)

ग) कर्मचारी कल्याणकोष संचालन निर्देशिका

घ) संगठन बिकास निर्देशिका

ङ) चक्रपथ रेखाङ्कन तथा निर्माण निर्देशिका

च) बिपत ब्यवस्थापन कोष संचालन निर्देशिका

**निर्णय नं.४५ (पैतालिस)**

तुलसीपुर नगरपालिकाको आर्थिक बर्ष २०७२/०७३ को देहाय बमोजिमका कार्यतालिका तथा योजना स्वीकृत गर्ने निर्णय गरीयो ।

क) बार्षिक कार्यतालिका ।

ख) बार्षिक खरिद योजना ।

**निर्णय नं. ४६ (छयालिस)**

तुलसीपुर नगरपालिकाद्धारा निर्माण गरिएको नगर क्षमता बिकास योजनालाई पुनरावलोकन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७ (सतचालिस)**

तुलसीपुर नगरपालिकाले संचालन गरेका हरेक गतिबिधिहरुलाई स्थानीय स्वायत्त शासन ऐन तथा न्युनतम शर्त तथा कार्यसम्पादन मापनको मापदण्ड बमोजिम पारदर्शी रुपमा सहज एवं सरल तरिकाले नगरबासीहरुलाई जानकारी गराउने अभिप्रायले बिगत बर्षहरु देखिनै प्रशारण हुँदैं आएको तुलसीपुर नगरपालिका गतिबिधि कार्यक्रमलाई तुलसीपुरका एफ.एम रेडियोहरु संग कार्यालयको आर्थिक अवस्थालाई मध्यनजर राखी संचालनका लागि आवश्यक ब्यवस्था गर्न न.पा. लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४८ (अठचालिस)**

तुलसीपुर नगरपालिकाले वडा नं. ५ बधशालामा रहेका स्टलहरुलाई हाल लगाउदै आएको भाडा प्रकृयालाई समसामयीक बनाउन बिगतका नगरपरिषदबाट तोकिएको भाडादरमा नघटने गरी मासु ब्यवस्यायी समिति र नगरपालिकाको समन्वयमा आवश्यक प्रकृया पुरागरी उचित ब्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९(उनान्चास)**

यस नगरपालीकाको आ.व २०७०/०७१ को लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजु संम्बन्धमा आवश्यक कारवाही गर्न न.पा. लाइ निर्देशन दिदै लेखापरिक्षक अनुप कुमार थापाले पेश गरेको लेखापरिक्षण प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं ५० (पचास)**

तुलसीपुर नगरपालिका वडा नं ९ स्थित दोघरे जग्गा एकीकरण (Land Pulling) कार्यक्रमका लागि आवश्यकपर्ने भौतिक पूर्वाधार खानेपानी, विद्युत, टेलिफोन, ढल निकाश तथा सडक निर्माण तथा विस्तारका लागि सम्वन्धित सरकारी निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१ (एकाउन्न)**

नगरपालिकाको स्वामित्वमा रहेको फुलबारी गा.बि.स. स्थित २-१८-० जग्गाको संरक्षण एवं भौतिक पुर्बाधार बिकास गर्न नगरपालिकाबाट साधन र श्रोतको ब्यवस्था गरी आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५२ (बाउन्न)**

यस नगरपालिकाको स्वामित्वमा रही हाल दाङ्ग जिल्ला टेक्टर ब्यवसायी समिति तुलसीपुरले भोगाधिकार गर्दै आएको तुलसीपुर- सुर्खेत सहायक मार्गको उत्तर तर्फको खाली जग्गामा ब्यापारीक प्रयोजनका लागि टहरा निर्माण गर्ने र पुष्पलाल बालउद्यानको पश्चिम तर्फको खाली स्थानमा चमेना गृह निर्माण तथा ,सवारी पाकिङ्ग र पार्क सञ्चालन गर्न सार्बजनिक निजि साझेदारी अवधारणा अनुसार प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय ५३ (त्रिपन्न)**

बालमैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तरता दिदै आगामी सन् २०१७ सम्ममा यस न.पा.लाई वालमैत्री नगर घोषणा गर्ने निर्णय भएको परिप्रेक्षमा बालमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धी आवश्यक निर्देशिकाहरु बनाई क्रमश कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय ५४ (चवन्न)**

योजना, जिन्सी र पंजीकरण शाखा/उपशाखाहरुमा सफटवेयर जडान गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने निर्णय गरियो ।

**निर्णय ५५ (पचपन्न)**

यस नगरपालिकामा सामाजिक परिचालन कार्यक्रम संचालन हुन वांकी वडाहरुमा उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६ (छपन्न)**

हाल बिस्तारित तुलसीपुर नगरपालिकाको वस्तुगत प्रोफाईल तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७ (सन्ताउन्न)**

तुलसीपुर नगरपालिकामा बातावरण मैत्री स्थानीय शासन कार्यक्रम लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८ (अन्ठाउन्न)**

तुलसीपुर नगरपालिका वडा नं ५ स्थित वसपार्कको पूर्वाधार विकास गरी तहांबाट संचालन हुने सवारी साधनहरुवाट पटके सवारी कर असुली गर्ने निर्णय गरियो ।

**निर्णय नं ५९(उनसाठी)**

आ.व.२०७२/०७३ को मर्मत संभार कोषवाट निम्नानुसारका योजनाहरु मर्मत सम्भार गर्ने निर्णय गरियो ।

१) तुलसीपुर नगरपालिका वडा नं. ७ को बाटो मर्मत रु १५००००।(एकलाखपचास हजार मात्र)

२) वडा नं ५ स्थित पुष्पलाल बालउद्यान मर्मत रु २५००००।(दुईलाख पचास हजार मात्र)

३) कार्यालयको भवन र परिषरको मर्मत सम्भार २५००००(दुईलाख पचासहजार मात्र)

४) वडा नं. ५ र ६ का नालाहरुको मर्मत सम्भार रु १५००००(एकलाख पचासहजार मात्र)

**निर्णय नं ६० (साठी)**

तुलसीपुर नगरपालिकामा अवस्थित चमेरे गुफा, ऐतिहासिक दंगिशरण राजाको दरबार,गौरीगाउको ताल र राप्ती शान्ति पार्कको संरक्षण , शहिद स्मृतीपार्कको संबर्द्धन र पुर्बाधार बिकासका लागि सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६१ (एकसठ्ठि)**

तुलसीपुर नगरपालिकाका साबिक ११ वटा वडाहरुमा बिगतमा स्थापना गरेको सरसफाई कोष सञ्चालनका लागि सरसफाई कोष निर्देशिका वनाई लागु गर्ने र बिस्तारीत अन्य वडाहरुमा सो कोष क्रमश स्थापना गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं ६२(बैसठिठ)**

यस नगरपालिका अन्तरगत नगरको गौरवको रुपमा रहेको पुष्पलाल वाल उद्यान र अरनीको खेल मैदान हाल नगर विकास समिति तुलसीपुरको स्वामित्वमा रहेकोले सर्वदलिय सर्वपक्षिय समहमतिबाट यसको स्वामित्व न.पा.मा हस्तान्तरण गरी यसको संम्वर्द्धन, संरक्षण र भौतिक पूर्वाधार विकास गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६३ (त्रिसठिठ)**

नगरक्षेत्रभित्र जनस्वास्थ्य प्रर्वद्धनका लागि आवश्यक्तानुसार गरिब ,बिपन्न, सिमान्तकृत तथा पिछडिएको क्षेत्रमा स्वास्थ्य शिबिर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६४ (चौसठिठ)**

यस नगरपालिका क्षेत्रभित्र रहेका लक्षित समुदायको सामाजिक एवं आर्थिक विकासका लागि कृयाशिल सघ संस्थाहरुको गठन हुन बांकी संजालहरु गठन गरि कृयासिल गराउने निर्णय गरियो ।

**निर्णय नं.६५ (पैसठिठ)**

न.पा.क्षेत्रभित्र रहेका ऐलानी तथा प्रति जग्गाको लगत तयार गरी संरक्षण गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं ६६ (छैसठठी)**

यस न.पा.क्षेत्रभित्र टोल विकास संस्था गठन र दर्ता प्रकृया लगायत अन्य विषयहरुको अध्ययन गरी प्रतिवेदन पेश गर्न एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६७ (सतसठ्ठी)**

यस नगरपालिका अन्तर्गत रहेका शहरी वाटोहरुको Right of Way को निर्धारण गर्नुका साथै सहमति अनुसार खोलिएका वाटोहरुको र यस नगरपालिकाको नाममा दर्ता श्रेष्ता रहेको बसपार्क स्थित जग्गामा तुलसीपुर -सुर्खेत सहायक मार्गमा कालोपत्रे भई पक्कि पुल समेत निर्माण भई सकेको परिप्रेक्षमा मालपोत र नापी कार्यालयहरुको समन्वयमा लगत कट्टी गर्ने कार्यको प्रारम्भका साथै आवश्यकता अनुसार सडक गुरुयोजना तर्जुमा गरी दिर्घकालिन रुपमा सडक सञ्जालको उपर्युक्त व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ६८ (अठसठ्ठी)**

यस नगरपालिका कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत पदम बहादुर खडकाको राजीनामा स्वीकृत भई रिक्त रहेको स्थायी दरबन्दी एक र नगर रक्षक पदमा कार्यरत केशर वहादुर घर्तीको मृत्यु भई रिक्त रहेको नगर रक्षक स्थायी दरवन्दी एक गरी जम्मा दुई स्थायी दरबन्दी खारेजी गर्ने निर्णय गरियो ।

## निर्णय नं ६९ (उनान्सहत्तर)

यस नगरपालिकाको नाममा दर्ता श्रेष्ता रहेको तुलसीर ५ ख कि.नं. ५४५ ज.बि. ०-३-० मा बिभिन्न व्यक्तिहरुले बर्षौ पहिले बसोबास गरि घरहरु निर्माण गरि यस नगरपालिकाबाट समेत उक्त स्थानमा कालोपत्रे समेत गरी आएको परिप्रेक्षमा बसोबास गर्दै आएका सम्बन्धित व्यक्तिहरुलाई जग्गाको हकहस्तान्त्रण गरी व्यवस्थित बसोबासका लागि संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालय मार्फत सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं ७० (सहत्तर)

तुलसीपुर नगरपालिकाको स्वीकृत दरबन्दी अधिकृत स्तर छैठौं तह (ईन्जीनियर) लगाएतका पदहरुमा हाल सेवा करारमा सेवा लिदैं आईरहेकोमा उक्त पदहरुको स्थायी पदपुर्ति गर्नुपर्ने भएकाले नगरपालिका बोर्डबाट आवश्यक प्रकृया पुरा गरी स्थायी पदपुर्ति गर्न निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं ७१ (एकहत्तर)

यस नगरपालिकामा रहेको साझेदारी बिकास कोषलाई समयानुकुल व्यवस्थित गर्नुका साथै लगानीमा रहेको रकम असुलीका लागि आवश्यक नीति तथा कार्ययोजना बनाई व्यवस्थापन गर्न तुलसीपुर नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं ७२ (बहत्तर)

नगरपालिका क्षेत्रबिस्तार भई साबिकका गा.बि.सहरुमा संचालित गाउ बिकास कोष लगाएत अन्य कोष तथा कार्यक्रमहरु समायोजनका लागि आवश्यक व्यवस्था गर्न तुलसीपुर नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं ७३ (त्रिहत्तर)

तुलसीपुर नगरपालिकाको १९औं नगरपरिषदबाट नगरपालिकाको कर्मचारी दरबन्दी र कार्य बिभाजनका लागि सांगठनीक बिकास पुनरावलोकन(OD) गर्ने निर्णय भएकोले सांगठनिक पुनरावलोकनको प्रतिवेदन अनुसार आवश्यक प्रकृया पुरा गरी सोहि अनुरुप दरबन्दी र कार्य बिभाजन गर्न नगरपालिका बोर्डलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं ७४ (चौहत्तर)

तुलसीपुर नगरपालिका क्षेत्रको बजार बिभेदिकरण गरी व्यवस्थित गर्ने सन्दंभमा यस क्षेत्रका कतिपय सरकारी कार्यालयहरुको आफ्नै स्वामीत्वमा जग्गा तथा भवन नभई बसाई व्यवस्थापनमा कठिनाई भईरहेको र भबिश्यमा स्थापना हुने अन्य सरकारी कार्यालयहरुका लागि अन्य स्थानमा ठूलो परिमाणमा जग्गाको सम्भावना नभएकोले उपयुक्त स्थानमा आवश्यक जग्गाको व्यवस्थानका लागि तुलसीपुर नगरबिकास समितिलाई अनुरोध गर्ने निर्णय गरियो

## निर्णय नं ७५ (पचहत्तर)

तुलसीपुर नगरपालिका बजारको नजिकै रहेको पातुखोला बिगत देखि नै तिब्र अतिक्रमणको चपेटामा परेको सन्दर्भमा यसको निश्चित पानीको बहाव क्षेत्र कायम गर्दै बातावरणीय तथा पर्यावरणीय क्षेत्रको समेत बिकास गर्नका लागि जिल्ला भूसंरक्षण कार्यालय लगायतका अन्य सरोकारवाला निकायहरुको समन्वय र साझेदारीमा भूक्षय तथा नदिकटान नियन्त्रणका कार्य गर्ने निर्णय गरियो ।

## निर्णय नं ७६ (छ्यहत्तर)

यस नगरपालिकाको नाममा दर्ता श्रेष्ता रहेको बसपार्क स्थित बिकसित नक्सा प्लट नं. ६४, ६५ समेतका घडेरी जग्गाहरुको सम्बन्धमा संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयबाट निकाशा प्राप्त गरी उपयुक्त व्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं ७७ (सतहत्तर)

तुलसीपुर नगरपालिका क्षेत्र भित्र पर्ने राप्ती लोकमार्ग र घोराही-तुलसीपुर-सुर्खेत सहायक सडकको बिस्तार गर्दा उपरोक्त सडकहरुको दायाबायां पर्ने घरहरु तत्कालिन मापदण्ड(तुलसीपुर नगरबिकास समिति समेत) अनुसार निर्माण भई नक्सापास समेत भईसकेका घरहरुलाई उचित मुआब्जा उपलब्ध गराई सडकको सिमा बिस्तार गर्न र बजार क्षेत्रमा सडकसिमा बिस्तार गर्दा ठूलो संख्यामा भौतिक पुर्वाधारहरुको हानीनोक्सानी हुने भएको तथ्यलाई मध्यनजर गर्दै उक्त समस्याको निराकरणका लागि बैकल्पीक मार्गको प्रारम्भिक अध्ययन गरी सर्भेडिजाइन गर्नका लागि नेपाल सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ७८ (अठहत्तर)</u>**

तुलसीपुर नगरपालिका बिस्तार भएको परिप्रेक्षमा यस क्षेत्रभित्र रहेका कृषियोग्य जमिनको उर्वराशक्तिलाई ह्रास हुन नदिई सोको उचित व्यवस्थापन गर्दै ग्रामिण वडाहरुमा सिचाई प्रणालीको ब्यस्थापनलाई प्रभावकारी बनाउन निकायगत समन्य गरी पहलकदमी गर्ने निर्णय गर्ने ।

**<u>निर्णय नं ७९ (उनासि)</u>**

तुलसीपुर नगरपालिका राप्ती अञ्चलको अञ्चल सदरमुकाम भएको परिप्रेक्षमा सबै जसो अञ्चल स्तरीय सरकारी कार्यालयहरु तुलसीपुरमै रहेकोले अव उप्रान्त स्थापना हुने अञ्चल स्तरीय कार्यालयहरु पनि तुलसीपुरमै स्थापना गर्ने नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ८० (असि)</u>**

तुलसीपुर नगरपालिकामा रहेको पदपुर्ति समितिको आ.ब. २०७१/०७२ को बार्षिक प्रतिवेदन अनमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं ८१ (एकासि)</u>**

तुलसीपुर नगरपालिका भित्र पर्ने लोकमार्ग, सहायक मार्गको सडकसिमा(Right of Way) बमोजिम रेखाङ्कन गरी पिलर गाडन मध्यपश्चिम सडक डिभिजन कार्यालय नं. २ दाङ्गलाई अनुरोध गर्ने निर्णय गरीयो ।

**<u>निर्णय नं ८२ (बयासि)</u>**

यस नगरपालिका क्षेत्रको विकास र समुन्तिका लागि हरप्रकारले सहयोग, सल्लाह र सुझाब दिई मार्ग निर्देशन गर्नुहुने राजनितिक दल, पूर्व जनप्रतिनिधीहरु, उद्योगपति, व्यापारीहरु, नागरिक समाज, निजी क्षेत्र, समाजसेवी, नगरवासी लगायत विभिन्न संघ संस्थाहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

उपर्युक्त अनुसारका ८२ वटा निर्णयहरु गर्दै १९ औं नगर परिषदको वैठक समापन गरियो ।

## ईतिसम्वत २०७१ साल पौष २९ गते मंगलबार

## अनुसुचि १ :निर्णय नं. ९  संग सम्बन्धित कर्मचारि दरबन्दी

| सि.नं. | पदको विवरण | तह | अठारौं न.प.बाट स्वीकृत दरबन्दी | १९औं न.पा.बाट खारेजी | १९औं न.प.बाट जम्मा स्वीकृत दरबन्दी | स्थायी/अस्थायी/करार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशासकीय अधिकृत | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | स्थायी | |
| २ | समाजकल्याण अधिकृत | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | स्थायी | |
| ३ | वित्तिय अधिकृत | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | स्थायी | |
| ४ | ईञ्जिनियर | अधिकृतस्तर छैठौतह | १ (एक) | | १ (एक) | करार | |
| ५ | शखा अधिकृत | ऋधिकृत स्तर छैंठौं | १ (एक) | | १ (एक) | स्थायी | विशेष |
| ६ | लेखाअधिकृत | सहायक स्तर छैंठौं | १ (एक) | | १ (एक) | स्थायी | विशेष |
| ७ | समुदाय परिचालक | सहायकस्तर पांचौतह | ३ (तीन) | | ३ (तीन) | स्थायी | |
| ८ | नायब सुब्बा | सहायकस्तर पांचौतह | १३(तेह्) | | १३(तेह्) | स्थायी | विशेष |
| ९ | लेखापाल | सहायकस्तर पांचौं | १(एक) | | १(एक) | स्थायी | विशेष |
| १० | खरीदार | सहायकस्तर चौथोतह | ९(नौ) | | ९(नौ) | स्थायी | |
| ११ | अ.सव ईञ्जिनियर | सहायकस्तर चौथोतह | २ (दुई) | | २ (दुई) | स्थायी | |
| १२ | कम्प्युटर अपरेटर | सहायकस्तर चौथोतह | १ (एक) | | १ (एक) | स्थायी | |
| १३ | अमिन | सहायकस्तर चौथोतह | १ (एक) | | १ (एक) | स्थायी | |
| १४ | प्लम्वर | सहायकस्तर पहिलो तह | १ (एक) | | १ (एक) | करार | |
| १५ | ड्राईभर | भारी चालक | २ (दुई) | | २ (दुई) | करार | |
| १६ | ड्राईभर | हलुका चालक | १ (एक) | | १ (एक) | स्थायी | |
| १७ | नगर रक्षक | सहायकस्तर पहिलो तह | ३ (तीन) | १ (एक) | २ (तीन) | स्थायी | मृत्यु भएकोले |
| १८ | फायरमेन | सहायकस्तर पहिलो तह | १ (एर्क) | | १ (एर्क) | स्थायी | |
| १९ | चौकीदार | सहायकस्तर पहिलो तह | २ (दुई) | | २ (दुई) | स्थायी | |
| २० | पियन | सहायकस्तर पहिलो तह | ८ (आठ) | १(एक) | ७ (सात) | स्थायी | राजीनामा स्ववीकृत |
| २१ | स्वीपर | सहायकस्तर पहिलो तह | ९ (नौ) | | ९ (नौ) | २ जना करार ७ जना स्थायी | |
| | जम्मा | | ६३(त्रीसठी) | २ (दुई) | ६१ (एकसठ्ठी) | | |

**साबिकका गाउबिकास समिति (हलवार,टरिगाउ र उरहरी) हाल यस तुलसीपुर नगरपालिकामा गाभिएका वडाहरुमा कार्यरत कर्मचारीहरुलाई साबिक गाबिसको परिषदको निर्णयबाट स्थानीय स्वायत्त शासन नियमावलि बमोजिम श्रृजना भएका दरबन्दीहरु भए यस नगरपालिकको दरबन्दीमा समायोजन गर्ने । उक्त दरबन्दीहरुमा कार्यरत कर्माचारीहरुलाई साबिककै सेवा सुबिधा पाउने गरी यस नगरपालिका अन्तरगत कामकाजमा लगाई उनिहरुको सेवाको निरन्तरता दिने । यस सम्बन्धमा कुनै द्धिबिधा परेमा स्थानीय स्वायत्त शासन ऐन, नियमावली र संघियम मामिला तथा स्थानीय बिकास मन्त्रालयको निर्देशन अनुसार आवश्यक निर्णय गर्न नगरपालिका बोर्डलाई अधिकार दिने निर्णय गरियो ।**